# कचनकवल गाउँपालिका

## Kachankawal Rural Municipality

## गाउँ कार्यपालिकाको कार्यालय

## (Office Of The Rural Municipal Executive)

बनियानी, झापा

(Baniyani, Jhapa)

पत्र संख्या (Ref. No): २०८२/०८३ (सूचना तथा संचार प्रविधि शाखा)
चलानी नं. (Ref. No): 242 -२०८२/०८३

कोशी प्रदेश, नेपाल
(Koshi Province, Nepal)

मिति: २०८२/०८/१२ गते
नेपाल संवत्: ११४६ थिंलाथ्व अष्टमी ८, मंगलवार

विषय: विवरण पठाउने सम्बन्धमा ।

श्री वडा कार्यालयहरु सबै,
कचनकवल गा.पा., झापा ।

प्रस्तुत विषयमा निर्वाचन आयोग, नेपाल, प्रशासन शाखाको प.सं. १.१.१/२४, क.प्र./२०८२/८३, च.नं. २०० को मिति २०८२/०७/२१ गतेको संलग्न पत्रानुसार मतदान अवधिको सुरक्षालाई ध्यान राखेर क्षति पुगेका मतदान केन्द्रहरु मर्मत सुधार गर्न, मतदान केन्द्रहरुमा बाहिरी पर्खाल भत्केका भएमा तहाँ वडाको मतदान केन्द्रको विवरण यथाशिघ्र यस कार्यालयको इमेलमा पठाईदिनु हुन व्यहोरा अनुरोध छ ।

०८/१२

.............................
केशव मैनाली
योजना अधिकृत

केशव मैनाली
योजना अधिकृत

नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

(स्थानीय तह समन्वय शाखा)

पत्र सं.: २०८२/०८३

चलानी नं.: १४६

मितिः २०८२/०८/०१

नेपाल संवत् ११४६

विषयः मतदान केन्द्रको मर्मत-सम्भार सम्बन्धमा।

श्री गाउँपालिका, (सबै)।

श्री नगरपालिका, (सबै)।

निर्वाचन आयोग, नेपाल, प्रशासन शाखाको प.सं. १.१.१/२४ क.प्र./२०८२/८३, च.नं. २०० मिति २०८२/०७/२१ को मतदान केन्द्रको मर्मत-सम्भार सम्बन्धी पत्र आवश्यक जानकारी तथा कार्यार्थ यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ।

(प्रकाश पन्थी)

शाखा अधिकृत

बोधार्थः

श्री निर्वाचन आयोग, नेपाल, प्रशासन शाखा, कान्तिपथ, काठमाडौं।

श्री सूचना प्रविधि शाखाः Website मा Upload गरिदिनुहुन।

कञ्चनकवल गाउँपालिका
दर्ता नं.: २३२
२०८२/८/१५

# निर्वाचन आयोग, नेपाल
# ELECTION COMMISSION, NEPAL

(प्रशासन शाखा)

प.सं. च.नं. Ref: १.१.१/२४ क.प्र./०८२/०८३ 200

मितिः २०८२/०७/२१

ने.सं. ११४६ कछलागा २ शुक्रवार

विषयः- मतदान केन्द्रको मर्मत-सम्भार सम्बन्धमा ।

श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरवार, काठमाडौं ।

प्रस्तुत विषयमा सम्बत् २०८२ फागुन २१ गते विहिबार सम्पन्न हुने प्रतिनिधि सभा सदस्य निर्वाचनको सन्दर्भमा निर्वाचन सुरक्षा (व्यवस्थापन) निर्देशिका, २०७८ को दफा ३ बमोजिम गठित उच्चस्तरीय निर्वाचन सुरक्षा समितिको २०८२ कात्तिक १४ गते यस आयोगमा बसेको बैठकबाट "मतदानको अवधिको सुरक्षालाई ध्यान राखेर सम्बन्धित जिल्लाको जिल्ला सुरक्षा समितिसंग समन्वय गरी क्षति पुगेका मतदान केन्द्रहरु मर्मत सुधार गर्न, मतदान केन्द्रहरुमा बाहिरी पर्खाल भत्केका भएमा सो समेत मर्मत गर्ने व्यवस्था मिलाउन संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत सम्बन्धित स्थानीय तहहरुमा लेखि पठाउने" भन्ने निर्णय भएको हुँदा सोही अनुसार सबै स्थानीय तहहरुमा पत्राचार गरिदिने व्यवस्था हुन निर्णयानुसार अनुरोध छ ।

(प्रकाश न्यौपाने)
उपसचिव



कान्तिपथ, काठमाडौं, नेपाल, फोन नं.: (९७७-१) ५३२८६६३ । फ्याक्स: (९७७-१) ५३२५५८०
Kantipath, Kathmandu, Nepal. Tel: (977-1) 5328663. Fax: (977-1) 5325580
E-mail: info@election.gov.np. Website: www.election.gov.np